# नेपाल सरकार

प्रदेश प्रमुख
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## ईद (ईद उल फित्र) पर्व, २०८२ को शुभकामना सन्देश

इस्लाम धर्मावलम्बिहरुको महान् पर्व इद उल फित्रको सुखद अवसरमा बागमती प्रदेश लगायत स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली मुस्लिम समुदायमा सुख, शान्ति, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

हाम्रो देश बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषतायुक्त मुलुक हो। संविधानले अंगीकार गरेको धर्मनिरपेक्षता र विविधताबिचको एकतानै हाम्रो मौलिक पहिचान हो। रमजानको एक महिना लामो कठोर आत्मशुद्धि र उपासना पश्चात् आपसी खुशी साटासाट गरी मनाइने इद पर्वले नेपाली समाजमा विद्यमान धार्मिक सहिष्णुता,सामाजिक सद्भाव र भाइचारालाई थप सुदृढ बनाउन महत्त्वपूर्ण भुमिका खेलेको छ।

हाम्रा आफ्नै खालका चाडपर्वहरु मध्येको ईद पनि इस्लाम धर्मावलम्बि समुदायबिच मनाइने एउटा महत्त्वपूर्ण पर्व हो। यस पावन पर्वले हामी सबैलाई आफ्ना मौलिक धर्म, संस्कृति र परम्पराको संरक्षण एवं संवर्द्धन गर्दै आपसी प्रेम, सद्भाव र एकताको मार्गमा अग्रसर हुन थप प्रेरणा प्रदान गर्नेछ भन्ने मैले विश्वास लिएको छु। अन्त्यमा, इद उल फित्रको यस पवित्र अवसरले बागमती प्रदेश र समग्र राष्ट्रको समृद्धि, सुसासन र शान्ति कायम गर्न हामी सबैमा नयां ऊर्जा प्रदान गरोस् भन्ने शुभेच्छा प्रकट गर्दछु। इद मुवारक !

**२०८२ साल चैत ०७ गते, शनिबार**
**ने. सं. ११४६ चौलाथ्व:तृतीया**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**

Archived at https://infobank.bagamati.gov.np